# शिवपुरी गाउँपालिका
## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः ५ | मितिः २०८०/१२/२९ |

## भाग – १

शिवपुरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीको मनोबल उच्च बनाउन तथा कर्मचारीको सामाजिक सुरक्षालाई सुदृढ बनाउन सेवाप्रति समर्पण भाव अभिवृद्धि गर्न शिवपुरी गाउँपालिकाको गाउँ सभाले तल लेखिए बमोजिमको ऐन बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिईने सेवा, सुविधा र सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

**प्रस्तावनाः**

शिवपुरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीको मनोबल उच्च बनाउन तथा कर्मचारीको सामाजिक सुरक्षालाई सुदृढ बनाउन सेवाप्रति समर्पण भाव अभिवृद्धि गर्न अस्थायी, करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा र सर्त सम्बन्धि कानुन बनाउन बान्छनीय भएकोले नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम शिवपुरी गाउँपालिका गाउँकार्यपालिकाका गाउँसभाले यो ऐन बनाई लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो ऐनको नाम **"अस्थाई, करार सेवामा कार्यरत कर्मचारीलाई दिईने सेवा, सुविधा र सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०"** रहेको छ।

२) यो ऐन तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"कार्यालय"** भन्नाले शिवपुरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ। सो शब्दले वडा समितिको कार्यालय र स्वास्थ्य संस्था समेतलाई जनाउनेछ।

(ख) **"कर्मचारी"** भन्नाले विभिन्न पद, तह र स्तरमा यस कार्यालयमा कार्यरत अस्थायी, सेवा करार र करार सेवामा अविच्छिन्न रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ग) **"सुविधा"** भन्नाले कार्यालयमा कार्यरत कर्मचारी जुनसुकै कारणले सेवा निवृत हुँदा सुविधा वापत दिइने एकमुष्ट रकम सम्झनु पर्छ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने अख्तियारी प्राप्त अधिकृत सम्झनु पर्छ।

## परिच्छेद-२

## सेवा सुविधा सम्बन्धि व्यवस्था

**३. कर्मचारीको म्याद थप व्यवस्थाः**

(१) यस ऐन बमोजिम सेवा करार वा करार सेवामा कार्यरत सबै तह, पद र स्तरका कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन, प्रचलित कानुन र कार्यापालिकाले आवश्यकता अनुसार म्याद थप गरिनेछ।

(२) उपदफा (१) बमोजिम म्याद थपिने कर्मचारी कार्यालयको अभिलेखमा स्विकृत दरबन्दिमा कार्यरत रहेको हुनु पर्नेछ।

**४. सेवा सुविधा सम्बन्धि व्यवस्थाः**

(१) यस ऐन बमोजिमका अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा स्थानीय तहको सेवाको निम्ति अयोग्य नठहरिने गरी पदबाट हटाईएमा वा अवकाश दिएमा नियुक्ति भएको मितिले दश वर्ष भन्दा बढी सेवा गरेका अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई देहायको दरले सुविधा रकम उपलब्ध गराईनेछ।

(क) दश वर्ष भन्दा बढी जतिसुकै वर्षसम्म सेवा गरेका करार कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निम्ति खाईपाई आएको एक महिनाको तलब बराबरको रकमका दरमा नबढ्ने गरी तत्कालीन अवस्थामा गाउँपालिकाको आन्तरिक आय तथा राजश्व क्षमताका आधारमा कार्यापालिकाबाट निर्णय बमोजिम रकम प्रदान गरिने ।

(२) यस ऐन बमोजिमका अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीको बृत्ति विकास र सुनिश्चितताको लागि आवश्यकता अनुसार कोष स्थापना गर्न सक्नेछ।

**५. बिदा सम्बन्धि व्यावस्थाः** यस ऐन बमोजिमको कर्मचारीले वार्षिक रुपमा सञ्चित नहुने गरी देहायका विदा पाउनेछन्।

(क) बिरामी बिदाः वर्षमा (१२) बाह्र दिन

(ख) भैईपरी र पर्व विदाः वर्षको (१२) बाह्र दिन

(ग) प्रसुति विदाः सुत्केरी हुनु भन्दा अघि र पछि गरेर जम्मा (९८) अन्ठानब्बे दिन

(घ) प्रसुति स्याहार विदाः पन्ध्र१५ दिन

(ङ) किरिया विदाःआफ्नो रित र परम्परा अनुसार बढिमा (१५) पन्ध्र दिन

**६. कोषको व्यवस्थाः** यस ऐन बमोजिमका कर्मचारीलाई दिईने सुविधा वा एकमुष्ट अनुदान रकम प्रदान गर्न गाउँपालिकाले एक कोष स्थापना गर्न सक्नेछ र उक्त कोषको सञ्चालनका लागि आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**७. कार्य सम्पादन मुल्याङकनः** यस ऐन बमोजिम अस्थायी, सेवा करार वा करार सेवाका कर्मचारीहरुको प्रत्येक वर्ष प्रचलित कानुन र गाउँपालिकाले बमोजिम कार्यसम्पादन मुल्याङ्कन हुनेछ।

**८. पद मुक्त हुने अवस्थाः** यस ऐन बमोजिमको अस्थायी, सेवा करार वा सेवा करारमा कार्यरत कर्मचारीहरु देहायको अवस्थामा पद मुक्त हुनेछन्।

(क) प्रचलित कानुन बमोजिम लोकसेवा आयोगबाट स्थायी, अस्थायी, सेवा करार वा करार सेवामा नियुक्ति पाएको कर्मचारीहरुको दरबन्दिमा स्थायी पदपुर्ति भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) प्रचलित कानुन बमोजिमका प्रक्रिया अवलम्बन गरी विभागीय कारबाही भएमा÷

(घ) कार्यपालिकाले म्याद थप नगरेमा,

(ङ) करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मुल्याङकन तथा नयाँ अवधिको लागि प्रचलित कानुन बमोजिम तोकिएको न्यूनतम अंक प्राप्त नगरेमा,

**९. कर्मचारीको दायित्वः**

(१) यस ऐन बमोजिमका कर्मचारीले कार्यालयको निर्देशनमा निजको पद,तह, योग्यता र अनुभव बमोजिम कार्यालयको जुनसुकै प्रकृतिको काम र समयमा आफ्नो सेवा उपलब्ध गराउनुपर्नेछ।अतिरिक्त समय सेवा उपलब्ध गराएबापत कार्यालयले प्रचलित नियम बमोजिम थप पारिश्रमिक उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन नमानेमा यस ऐन बमोजिमको अधिकारीले कर्मचारीलाई विभागीय कार्बाहीको प्रक्रिया अवलम्बन गरी विभागीय कारवाही र सजाय गर्न सक्नेछ।

**१०. नियम बनाउन सक्नेः** अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिईने सेवा, सुविधा र सर्तका सम्बन्धमा व्यवस्था गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

**११. खारेजीः** यो ऐन प्रारम्भ हुन अघि कायम रहेको वा यो ऐनसँग बाझिने ऐन यो प्रारम्भ भएपछि स्वतः खारेज हुनेछ।

**१२. बाधा अड्काउ फुकाउनेः** यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ वा द्विविधा भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**